## २०७६ साल चैत्र २५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु:

१. कोरोना भाइरस (कोभिड-१९) को रोकथाम, नियन्त्रण, उपचार तथा राहत कार्यलाई प्रभावकारी बनाउन देहाय बमोजिम गर्ने:

(१) तेह्र करोड बिस लाख रुँपैया कर्णाली प्रदेश विपद व्यवस्थापन कोषमा जम्मा गर्ने ।

(२) कर्णाली प्रदेश विपद व्यवस्थापन कोषमा जम्मा भएको रकमबाट प्रत्येक गाँउपालिकालाई पन्ध्र लाख रुँपैया र प्रत्येक नगरपालिकालाई बीस लाख रुँपैयाको दरले सम्बन्धित स्थानीय तहले स्थापना गरेको कोषमा रकम उपलब्ध गराउने।

(३) प्रदेश राजधानीको रुपमा रहेको वीरेन्द्रनगर नगरपालिकाले कोरोना भाइरस (COVID-19) प्रभावित स्थायी नगरबासी जनताको साथै नगर भन्दा बहिरका Lockdown को कारणबाट समस्याग्रस्त व्यक्तिहरुको समेत राहत व्यवस्थापन गर्नुपर्ने हुँदा सो नगरपालिकालाई थप रु. दश लाख उपलब्ध गराउने।"

२. अस्पताल व्यवस्थापन समिति सल्यानको अध्यक्ष पदमा मनोनित शारदा न.पा. वडा नं. ७ सल्याना निवासी श्री दामोदर गौतमको मनोनयन बदर गरी सो पदमा साविक कोटवारा-२ सल्यान निवासी श्री चन्द्र प्रकाश वलीलाई मनोनयन गर्ने ।

३. कोरोना भाइरस (COVID-19) र अन्य प्रकोपको पूर्वतयारी सम्बन्धमा देहायबमोजिम गर्ने:

१. कर्णाली प्रदेशमा ठूलो संख्यामा भारत लगायत अन्य देशहरुबाट आएका कर्णाली प्रदेशका बासिन्दाहरुमा COVID-१९ को संक्रमण भएको हुन सक्ने र फैलिन सक्ने सम्भावनालाई दृष्टिगत गरी द्रुत गतिमा COVID-१९ को परीक्षण गर्न आवश्यक देखिएको हुँदा घुम्ती प्रयोगशाला परीक्षण सेवाको तत्काल व्यवस्थापन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।

२. हाल (COVID-१९) को प्रकोप भइरहेको अवस्थामा यस कर्णाली प्रदेशमा भएका सीमित स्वास्थ्यकर्मीहरु सो प्रकोपको रोकथाम, नियन्त्रण तथा प्रतिकार्यमा संलग्न रहेको अवस्थामा प्रत्येक वर्ष झैं चैत्र महिना देखि विभिन्न मौसमी संक्रमण तथा महामारी समेत हुन सक्ने हुँदा सो को तत्काल व्यवस्थापन तथा प्रतिकार्य गर्न चाहिने औषधि, उपकरण तथा विज्ञ सहितको टोली यस प्रदेशका लागि तयारी अवस्थामा राख्न र आवश्यकता अनुसार परिचालन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।

४. कोरोना भाइरस (COVID-19) का कारण भारत लगाएत अन्य देशमा रोजगारी गुमाई वा स्थानीय परिस्थितिका कारणले अलपत्रमा परेका कर्णाली प्रदेशबासी लगाएत सबै नेपाली नागरिकहरुको समुचित उद्दार तथा राहतको प्रबन्ध गर्न र नेपाल भित्र बन्दाबन्दीमा परी अलपत्र अवस्थामा रहेका अन्य प्रदेशका बासिन्दाहरुलाई समेत आफ्नो प्रदेशका बासिन्दासरह समान र सम्मानपूर्ण व्यवहार गर्न सबै प्रदेश सरकारहरुलाई आग्रहका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने।

५. नेपाल सरकारले घोषणा गरेको Lockdown अवधिको कडाइका साथ परिपालना गर्ने गराउने। सो अवधिमा घर परिवारका सदस्य बाहेक सहभागि हुने गरी आपतकालिन बाहेकका धार्मिक, साँस्कृतिक तथा सामाजिक चाडपर्व र उत्सव तथा अन्य क्रियाकलापहरु समेत नगर्ने नगराउने ।

द्रष्टव्यः निर्णयसगँ सम्बन्धित अन्य थप विवरणहरु आवश्यक परेमा संबन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।